"बालबालिका राष्ट्रिय गौरव हुन्"

## पाँचथर बम विष्फोटनसम्बन्धमा ध्यानाकर्षण-पत्र

पाँचथर जिल्ला, फालेलुङ्ग गाउँपालिका-५ प्राङबुङ्ग, डाँडागाउँमा २०८१ भदौ १३ गते द्वन्द्वका बखत बेवारिसे अवस्थामा रहेको बम विष्फोटको घटनाप्रति हाम्रो गम्भीर ध्यान आकृष्ट भएको छ। सो घटनामा ४ जना बालबालिका (एकजना बालिका र तीनजना बालक) गम्भीर रूपमा घाइते भएका मध्ये एकैपरिवारका अढाइ वर्षीय बालिका प्रिन्सा साँवा र एघार वर्षिय दिप्सन साँवाले ज्यान गुमाएका छन् । घाइते सात वर्षिय दिपसन राई र एघार वर्षीय पवन राईको फेक्ट-नेपाल अन्तरगत कीर्तिपुर अस्पतालको जलन विभागमा उपचार भैरहेको छ। हामी पाँचथर घटनामा ज्यान गुमाएका निरपराध दुइ बालबालिका प्रति श्रद्धाञ्जली व्यक्त गर्दै उपचाररत बालकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

सशस्त्र द्वन्द्वका प्रभावलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय कानून, मान्यता र मापदण्ड अनुरुप निर्मित संक्रमणकालीन न्यायसम्बन्धी विधयेक संसदबाट पारित भई प्रभावितहरूले न्याय प्राप्त गर्ने विश्वास बढिरहेको अवस्थामा यसप्रकारको घटना घट्नु अत्यन्त दुःखद छ । यद्यपी द्वन्द्वकालीन अवशेषहरूको विष्फोट यस अघि पनि नभएका होइनन् ।

सिविन-नेपाल र इन्सेकले संयुक्तरूपमा गरेको तथ्य संकलनका आधारमा पाँचथर घटनामा आहत ४ जना बालबालिकाको उपचारको लागि स्थानीय स्वास्थ्य चौकी, फिदिम जिल्ला अस्पताल, धरान स्थित वि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र कोशी प्रादेशिक अस्पतालसम्म पुऱ्याउन प्रयास गरिएकोमा प्रिन्सा र दिपसनले बाटोमा नै मृत्युवरण गरेको र अर्का गम्भीर घाइते दिपसन राई (७) र पवन राई (११) लाई क्रमशः धरान स्थित वि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र कोशी प्रादेशिक अस्पतालमा लगिएको देखिन्छ। यसक्रममा कसैको सहयोगबिना पवनकी आमा र दिपसनका बाबाले आ-आफ्ना छोराहरूलाई अस्पताल लगेकोमा घाइतेहरूलाई आर्थिक अभावकै कारण घर फर्काएर लगेको र स्थानीय प्रहरीको सहयोगमा पुनः फिदिम जिल्ला अस्पतालमा भर्ना गरिएको पाइएको छ । यसरी सघन उपचारको आवश्यकता रहेका बालकहरूलाई सिविन-नेपाल र इन्सेकका प्रतिनिधिहरू घटनास्थल पुगेपछिमात्र र उनीहरूकै सहजीकरणमा फिदिम जिल्ला अस्पतालबाट भाद्र १९ गते काठमाडौं ल्याई कीर्तिपुर अस्पतालमा उपचारको व्यवस्था मिलाइएको हो ।

यसरी काठमाडौंमा उपचार भैरहेको अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय प्रदिप पौडेल तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय नवल किशोर शाह सुँडी र राष्ट्रिय बालअधिकार परिषद्का पदाधिकारीहरूले अस्पतालमा पुगी घाइते बालकहरूको उपचारको सम्पूर्ण जिम्मा सरकारले जिम्मा लिने प्रतिवद्धता जनाउनु भएको छ । यसरी काठमाडौं आइपुगिसकेको अवस्थामा सरकारबाट घाइतेहरूको उपचारमा चासो देखाइनु सकरात्मक छ। तर सिविन र इन्सेकका प्रतिनिधि घटनास्थल पुग्नु अगाडिको सरकारी तथा सम्बन्धित निकायको उदासिनताले भने गम्भीर प्रश्नहरू खडा गरेका छन् । घटनापछि परिवारलाई नै जिम्मा लगाएर अस्पताल पठाउने बाहेक ती गरीब र अवोध परिवारलाई कुनै निकायले पनि ठोस सहयोग पुऱ्याएको पाइँदैन र अस्पताल पुऱ्याइएका बालकहरूलाई घरै फर्काएर लैजानु पर्ने अवस्था सिर्जना भएको देखिन्छ। यसरी आहत परिवारलाई परेको यस विपत्तिमा कसैले ध्यान नदिनु र राज्यले अभिभावकत्व नलिनु गम्भीर चिन्ताको विषय हो। द्वन्द्वकालीन अवशेषबाट भएको यस घटनालाई

सामान्य तरिकाबाट बुझ्ने र घाइतेको उपचारमा समेत लापर्वाही भएको पक्ष गम्भीर समीक्षाको विषय बन्नु पर्दछ र दोषीहरू कार्वाहीको भागी बन्नु पर्दछ ।
यस घटनाका सम्बन्धमा हाम्रा मागहरू यसप्रकार रहेका छन्,

- पाँचथर घटनाका घाइते बालबालिकाको उपचार र यस क्रममा हुने आवश्यक सम्पूर्ण खर्चको व्यवस्था नेपाल सरकारले मिलाउने प्रतिवद्धता जनाएकोमा सो को कार्यान्वयन बेलैमा गरियोस् ।
- घाइते बालबालिकाको भविष्य सुनिश्चित गर्नका लागि उनीहरूको शिक्षा तथा स्वास्थ्यको सम्पूर्ण व्यवस्था नेपाल सरकारका तर्फबाट जिम्मेवारी लिइयोस् ।
- पीडित तथा मृतकका परिवारलाई राज्यका तर्फबाट सम्मानजनक क्षतिपूर्ति र राहतको व्यवस्था मिलाइयोस् ।
- यस घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कानूनी दायरामा ल्याइयोस् ।
- देशव्यापी रूपमा द्वन्द्वकालीन विष्फोटक पदार्थको खोजी गरी सोलाई निष्कृय पार्ने अभियान सञ्चालन गर्न गम्भीर ध्यान पुऱ्याइयोस् ।

अन्त्यमा,
द्वन्द्वरत पक्षहरूकोबीचमा वृहत् शान्ति सम्झौता सम्पन्न भई द्वन्द्वबाट प्रभावित महिला बालबालिका लगायत आम नागरिकहरूले उचित राहत, क्षतिपूर्ति र न्याय प्राप्त गरिसक्नुपर्ने अवस्थामा अवोध बालबालिका द्वन्द्वका अवशेषका कारण अझैपनि पीडित हुनुपर्ने अवस्था राज्य र आम जनसमुदायका निम्ति चासो र चिन्ताको विषय बन्नुपर्दछ । एकातर्फ द्वन्द्वको समयमा तत्कालिन सशस्त्र फौज वा समूहसँग आवद्ध तथा द्वन्द्वबाट प्रभावित हजारौं बालबालिकाका मुद्दाहरू आजसम्म ओझेलमा पर्नु, हालै निर्मित संक्रमणकालीन न्यायसम्बन्धी कानून बालबालिकाका सम्बन्धमा मौन जस्तै रहनु र अर्कोतर्फ यो वा त्यो रूपमा बालबालिका द्वन्द्वबाट सिर्जित अवस्थाबाट पीडित हुँदै जानु निकै संबेदनशील विषय हो । यतिमात्र होइन यस्ता घटनाहरू द्वन्द्वकालिन अवस्थामा मौलिक रूपमा नेपालमा प्रतिपादन र स्थापित गरिएको "बालबालिका शान्ति क्षेत्रहुन्" भन्ने अवधारणा विरुद्ध समेत छन् । यस्ता घटनाहरूले राज्यद्वारा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहमा बालअधिकारका पक्षमा जनाईएका प्रतिवद्धताहरू समेतमा संसय पैदा गर्ने हुँदा यसतर्फ नेपाल सरकार, राष्ट्रिय मानवअधिकार आयोग, राजनीतिक दलहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको गम्भीर ध्यान आकृष्ट गर्न चाहन्छौं ।
सधन्यवाद ।

सिविन-नेपालका तर्फबाट

२४ आषाढ २०७१

माधव प्रधान
अध्यक्ष

CWIN

इन्सेकका तर्फबाट

कुन्दन अर्याल
अध्यक्ष

इनसेक INSEC